नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार,काठमाण्डौं
(प्रदेश तथा स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८३/०८४ मितिः २०८३/०६/०८
चलानी नं. ९२०

श्री गाउँपालिका सबै,
श्री नगरपालिका सबै ।

विषयः जानकारी सम्बन्धमा ।

प्रस्तुत विषयमा विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, वैज्ञानिक अनुसन्धान शाखाको प.सं.: २०८३/०८४, च.नं. २६२ मिति २०८३/०६/०६ को पत्र मार्फत अनुसन्धान तथा नवप्रवर्तनमा कार्य गर्ने समुह, निजी क्षेत्र, विश्वविद्यालय, सरकारी तथा गैह्रसरकारी संस्थाहरुले विज्ञान, प्रविधि तथा नवप्रवर्तनात्मक अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम आवेदन गर्न अनुरोध गरिएको पत्र यसै पत्रसाथ संलग्न गरी आवश्यक जानकारी तथा कार्यार्थ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

(प्रकाश पन्थी)
शाखा अधिकृत

बोधार्थः
श्री विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय, वैज्ञानिक अनुसन्धान शाखा।
श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहमा ईमेलमार्फत पत्र प्रेषित गरी मन्त्रालयको वेवसाईटमा समेत अपलोड गरिदिनु हुन।

नेपाल सरकार

# विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय

## वैज्ञानिक अनुसन्धान शाखा

सिंहदरबार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

प.सं. :- ०८३/८४

च.नं. :- २६२

दर्ता नं.: १८१८

मिति: ६।०८

मिति :- वि.सं. २०८३/०६/०६

ने.सं. :- ११४६ जँलाथ्व.११ मङ्गलवार

विषय: सवै स्थानीय तहमा पत्राचार सम्बन्धमा ।

श्री भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरवार

प्रस्तुत विषयमा विज्ञान प्रविधि तथा नवप्रवर्तनात्मक अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८३ बमोजिम प्रदान गरिने अनुदान कार्यक्रममा सहभागी हुन मन्त्रालयको वेभसाईटमा प्रकाशित सुचना अनुसार आवेदनको लागि सवै स्थानीय तह मार्फत अनुसन्धान तथा नवप्रवर्तनमा कार्य गर्ने समूह, निजी क्षेत्र, विश्वविद्यालय, सरकारी तथा गैर सरकारी संस्थालाई जानकारी गराईदिनुहुन या मन्त्रीस्तर निर्णायानुसार अनुरोध छ ।

(शिला खतिवडा)

सिनियर डिभिजनल केमिष्ट

प्रदेश तथा स्थानीय तह समन्वय शाखा

संघीय मामिला महाशाखा

दर्ता नं.: २२४

मिति: ६।८

नेपाल सरकार

**विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय**

**प्रस्तावसम्बन्धी सूचना**

मिति २०८३।०६।०६

यस मन्त्रालयको आ.व. २०८३/८४ को स्वीकृत वार्षिक कार्यक्रम क्रियाकलाप नं. २.७.२३.२ अन्तर्गतको विज्ञान, प्रविधि तथा नवप्रवर्तनका विविध विधामा मन्त्रालयले तोकेका प्राथमिकताका क्षेत्रमा अनुसन्धान अनुदान सहयोग कार्यक्रम सञ्चालनमा रहेको छ। यस कार्यक्रम बमोजिम प्रतिस्पर्धामा सहभागी हुन चाहने संस्था वा समूहहरुले **विज्ञान, प्रविधि तथा नवप्रवर्तनात्मक कार्यक्रम अनुदान कार्यान्वयन कार्यविधि, २०८३** बमोजिम १५ दिनभित्र कार्यविधिको अनुसूची-३ को ढाँचामा मन्त्रालयको अनलाइन पोर्टल www.data.mosti.gov.np मार्फत सबै आवश्यक प्रमाणित कागजात संलग्न गरी आवेदन दिनुहुन अनुरोध छ। उल्लिखित कार्यविधि यस मन्त्रालयको वेबसाइट www.mosti.gov.np बाट प्राप्त गर्न सकिने व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि अनुरोध गरिएको छ।

नेपाल सरकार
विज्ञान, प्रविधि तथा नवप्रवर्तन मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल